## निर्णयहरु

१. जिल्लामा दोस्रो चरणको नयां भेरियन्ट सहितको कोभिड–१९ संक्रमण रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि हालसम्म भएका प्रयासहरुको समिक्षा गरियो। साथै मिति २०७८।५।११ गते पाल्पा जिल्लामा कोभिड–१९ सम्बन्धमा रहेको निम्न बमोजिमको तथ्याङ्क आजको बैठकमा जानकारी गराइयो।

| सि नं | विषयवस्तु | दोस्रो भेरियन्ट | कैफियत |
|---|---|---|---|
| १ | जम्मा परीक्षण | २६६३१ | |
| २ | कूल संक्रमित | ७६०१ | |
| ३ | सक्रिय संक्रमित | २१६ | |
| ४ | होम आइसोलेसनमा | १७८ | |
| ५ | उपचाररत | ३८ | |
| ६ | निको भएका | ७२०६ | |
| ७ | निधन | १७९ | |

२. यस जिल्लामा कोभिड १९ विरुद्धको खोप अभियान संचालन भइरहेको छ। जिल्लामा खोप लक्षित समूह १८ वर्ष माथिको कुल जनसंख्या १,४३,६१० रहेकोमा मिति २०७८/५/९ सम्म प्रथम डोज ५३,९२६ (३७.५५%) जनालाई लगाइसकिएको तथा दोस्रो डोज ४४,१२२ (३०.७२%) लाई लगाइसकिएको व्यहोरा आजको बैठकमा जानकारी गराइयो।

३. अत्यावश्यक दैनिक उपभोगका खाद्य सामग्री विक्री गर्ने पसल, ग्यांस, पेट्रोलियम पदार्थ तथा निर्माण सामग्री लगायतका अन्य सबै पसलहरु विहान ७.०० वजेबाट ५.०० वजेसम्म संचालन गर्ने।

४. सार्वजनिक सेवाहरु संचालन गर्दा तोकिएका सामाजिक दुरी र स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्डहरु सेवा प्रवाह गर्ने निकायहरु तथा सम्पूर्ण नागरिकहरुले अनिवार्य रुपमा पालना गर्ने। तोकिएका मापदण्डहरु पालना गरे नगरेको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायको तर्फबाट नियमित रुपमा अनुगमन गर्ने।

५. जिल्लामा नयां भेरियन्ट सहितको कोभिड–१९ को संक्रमणको रोकथाम र नियन्त्रणका लागि यस अघि जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) पाल्पाको मिति २०७८।४।३२ को निर्णय समेतका आधारमा पाल्पा जिल्लाभर लागू हुने गरी जिल्ला प्रशासन कार्यालय पाल्पाबाट जारी भएको मिति २०७८।५।१२ गते राति १२.०० वजेसम्म कायम रहेको निषेधाज्ञालाई संक्रमणको अवस्था कायमै रहेको हुंदा संक्रामक रोग ऐन, २०२० को दफा २, कोभिड–१९



२०७८/५/११
निमित्त प्रमुख जिल्ला अधिकारी

व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।५।१२ गते राति १२.०० वजेदेखि मिति २०७८।५।२५ गते राति १२.०० वजेसम्मका लागि निरन्तरता दिने। यो आदेशको कार्यान्वयनमा जिल्लास्थित सम्पूर्ण निकायहरु व्यक्ति, संघ संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकहरुका तर्फबाट सहयोग गर्ने।

६. भगवती जात्रा, हरितालिका (तिज) लगायतका मेला, पर्व र जात्राहरुमा भिडभाड नगर्ने ।

२०७८।५।११

निमित्त प्रमुख जिल्ला अधिकारी